**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40 hrs Date: 28.09.2025**

**Man Ki Baat: NSD**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज आकाशवाणीबाट **मन की बात** कार्यक्रमको १२६ औँ श्रृङ्खलामा देशवासीसँग आफ्नो विचार साझा गर्दै, भोकल फर लोकल मन्त्रको सम्झना गर्नुभयो र आगामी चाडपर्वको मौसमलाई स्वदेशी उत्पादनहरूका साथमा मनाउन जनतालाई आग्रह गर्नुभयो। उहाँले आगामी दिनहरूमा धेरै चाडपर्व भएकाले जीएसटी बचत महोत्सव चलिरहेको बताउनुभयो र जनतालाई स्वदेशी उत्पादनहरू किन्दा परिवारमा खुसी मात्र आउँदैन तर कारीगरहरूको कडा परिश्रमको सम्मान हुनका साथै युवा उद्यमीहरूको सपनालाई प्रोत्साहन पनि मिल्नेछ भन्नुभयो। साथै, प्रधानमन्त्रीले चाडपर्वको मौसममा घरको मात्र नभई सडक, छरछिमेक, बजार र गाउँघरको सरसफाइमा पनि ध्यान दिन अनुरोध गर्नभयो। यस क्रममा, श्री मोदीले नाविक सागर परिक्रमाको क्रममा समुद्रमा आठ महिना बिताएका दुई बहादुर नौसेना अधिकारीहरूको उपलब्धिहरू उल्लेख गर्दै, लेफ्टिनेन्ट कमाण्डर दिलना र रूपाको उल्लेख गर्नुभयो। यसका साथै, प्रधानमन्त्रीले आज स्वतन्त्रता सेनानी भगत सिंह र गायिका लता मंगेशकरको जन्मजयन्ती भएकाले **मन की बात**-को यो श्रृङ्खला विशेष महत्त्वपूर्ण भएको पनि बताउनुभयो। अनि उहाँले अक्टोबर २ मा गान्धी जयन्तीबारे बोल्दै, महात्मा गान्धीले सधैँ स्वदेशी कुरा अपनाउनमा जोड दिनुभएको, जसमा खादी सबैभन्दा प्रमुख वस्तु थियो भनेर उल्लेख गर्नुभयो।

**Sewa Parv: Desk**

सेवा र सुशासन अर्थात् सार्वजनिक सेवा र सुशासनको मन्त्रबाट निर्देशित, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारले रूपान्तरण र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ। आज, यस विशेष श्रृङ्खला - **'सेवा पर्व'** मा, सरकारले प्रधानमन्त्री जनधन योजना मार्फत वित्तीय समावेशीकरणलाई कसरी अगाडि बढाएको छ अनि लाखौं घरपरिवारलाई बैंकिङ, बचत र सम्मानमा पहुँच प्रदान गर्दै कसरी सशक्त बनाएको छ भन्ने सन्दर्भमा प्रधानमन्त्री भन्नुहुन्छ....

**CENTRAL OBSERVERS:NSD**

भारतीय निर्वाचन आयोगले आगामी बिहार विधानसभा चुनाव र विभिन्न राज्यका आठ विधानसभा निर्वाचन क्षेत्रमा हुने उपचुनावका लागि केन्द्रीय पर्यवेक्षकहरू तैनाथ गर्ने घोषणा गरेको छ। यी पर्यवेक्षकहरूमा सामान्य, पुलिस र व्यय पर्यवेक्षकहरू समावेश हुनेछन्। स्वतन्त्र, निष्पक्ष र पारदर्शी चुनाव सुनिश्चित गर्न 320 IAS र 60 IPS अधिकारीहरू लगायत कुल 470 अधिकारीहरूलाई केन्द्रीय पर्यवेक्षकका रूपमा तैनाथ गरिनेछ। उनीहरूले प्रत्येक

निर्वाचन क्षेत्रमा निर्वाचन प्रक्रियाको अनुगमन गर्नेछन्, सुधारका गर्नुपर्ने क्षेत्रहरू पहिचान गर्नेछन् र कार्यन्वयन योग्य सिफारिसहरू गर्नेछन्। आयोगले भनेको छ, पर्यवेक्षकहरूले स्वतन्त्र, निष्पक्ष, पारदर्शी र समावेशी चुनाव सञ्चालन गर्ने संवैधानिक जनादेश पूरा गर्न निर्वाचन प्यानललाई मद्दत गर्नका साथै मतदाता जागरूकता र चुनावमा सहभागिता बढाउन पनि योगदान पुऱ्याउँछन्।

**KARUR STAMPEDE: NSD**

तमिलनाडु सरकारले करूरको राजनीतिक ऱ्यालीमा ४० जनाको ज्यान जाने गरी भएको दुःखद भागदौडको घटनाको छानबिन गर्न उच्च अदालतका पूर्व न्यायाधीश अरुणा जगदीसनको नेतृत्वमा एक सदस्यीय अनुसन्धान आयोग गठन गरेको छ। यो घटना हिजो अभिनेताबाट राजनीतिज्ञ बनेका र पार्टीका संस्थापक विजयको स्वागत गर्न **तमिलगा भेत्री कझगम**, TVK-द्वारा आयोजित विशाल जमघटका क्रममा भएको थियो। हाल विभिन्न अस्पतालमा ८१ जनाको उपचार भइरहेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट मृतकका आफन्तलाई २ लाख अनुग्रह राहत घोषणा गर्नुभएको छ। घाइते प्रत्येकलाई ५० हजार रुपियाँ प्रदान गरिनेछ। साथै, राज्यका उपमुख्यमन्त्री उदयनिधि स्टालिनले भविष्यमा यस्ता घटनाहरू रोक्न सरकारले कडा कदम चाल्ने आश्वासन दिनुभएको छ।

**Pakyong-Archery: IPR**

राज्यस्तरीय खेलकुद गतिविधि २०२५ का भागका रूपमा आयोजित परम्परागत आर्चरी प्रतियोगिताको पहिलो सेमिफाइनल खेल आज पाकिम जिल्लाको कार्थोक आर्चरी रेन्जमा सम्पन्न भयो। यस अवसरमा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा दिव्यारङ्गजन कल्याण विभागका सल्लाहकार एवं विधायक उपस्थित हुनुहुन्थ्यो। यो पहल राज्य सरकारको बृहत् कार्यक्रम अन्तर्गत पर्दछ, जसले राज्यभरि विभिन्न स्थानमा आयोजित धेरै खेलकुद गतिविधि र प्रतियोगितामार्फत राज्य स्थापनाको स्वर्ण जयन्ती मनाउँदै छ। प्रतियोगिताको पहिलो सेमिफाइनल नकआउट खेलमा, रेगु-चुजाचेन र काबी टिंग्दाको टोलीबीच भीडन्त भयो। प्रतियोगितामा रेगु-चुजाचेन टोली विजय बनेर प्रतियोगिताको अन्तिम चरणमा पुग्यो। कार्यक्रममा, विधायकले विशिष्ट श्रेणीहरूमा प्रतिस्पर्धा गर्ने आर्चहरूलाई सम्मान पनि प्रदान गर्नुभयो।